## सूचना

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (मन्त्रीस्तर) को मिति २०८२/०३/०४ को निर्णय अनुसार सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए १५ दिन भित्र यस मन्त्रालयको इमेल ठेगाना info@mohp.gov.np वा law.section@mohp.gov.np मा देहायबमोजिमको ढाँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | राय/सुझाव दिइएको विषय | पुष्टयाई |
|---|---|---|---|---|
| | | | | |

### १. विधेयक गर्नु पर्नाको कारणः

नेपालको संविधानको धांरा ३५ मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने तथा राज्यबाट आकस्मिक स्वास्थ्य सेवामा वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। धारा ३८ को उपधारा (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँच योग्य बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लागु भएको छ। गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्ने वा १८ वर्ष मुनीको बालिका वा अपाङ्गता भएको महिलामाथी जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ वा भ्रूणमा कमी कमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने त्रा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, वंशानुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्थामा गर्भवती महिलाको मन्जुरीले जुन सुकै अवस्थामा गर्भपतन गर्न सक्ने व्यवस्था गर्न। महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१८ मा "कुनै पनि अवस्थामा महिलालाई गर्भपतनको लागि अपराधिकरण नहुने सुनिश्चित गर्ने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन संशोधन गर्नु, जसअन्तर्गत गर्भपतनसम्बन्धी हालको कानुनी व्यवस्था जसले जबर्जस्ती करणी, हाडनाता करणी, भ्रूणमा गम्भीर कमी कमजोरी र महिलाको जीवनमा खतरा पर्ने अवस्थाका साथसाथै गर्भवती महिलाको स्वास्थ्य खतरा हुने अवस्थालाई समेत कानुनी मान्यता प्रदान गर्नु र सुरक्षित गर्भपतन सेवा र स्वास्थ्य संस्था सम्बन्धी सचेतना अभिवृद्धि गर्न पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु " भनी नेपाल सरकारलाई सुझाव दिई सकेको सन्दर्भमा नेपाल पक्ष भएको सन्धि सम्झौता मुताविक गर्भपतन गरेको आधारमा महिलालाई अपराधिकरण गर्न नहुने भएकोले ।

संघीय संसद, प्रतिनिधि सभा, कानून, न्याय तथा मानव अधिकार समिति वाट सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी विद्यमान कानूनको विषयमा मिति २०७८/४/११ मा भएको निर्देशन अनुसार सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को सुरक्षित गर्भपतन गर्न पाउने कानूनी व्यवस्था परिमार्जन गर्नको लागि संशोधन मस्यौदा यो विद्येयक तर्जुमा गरिएको छ।

### २. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने तथा राज्यबाट आकस्मिक स्वास्थ्य सेंवामा वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। धारा ३८ को उपधारा (२) मा प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ भन्ने व्यवस्था भएको र सुरक्षित मातृत्व



सचिव

तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक ऐनको रुपमा लागु भएपछि नेपालको संविधानको धारा ३५ र ३८ को उपधारा (२) ले प्रदान गरेको नागरिकहरुको स्वास्थ्य सम्बन्धी हक र महिलाको हक कार्यान्वयन गर्न मद्धत पुग्ने देखिन्छ।

३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १३ को उपदफा (१) मा सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत महिलालाई सुत्केरी हुनु अघि वा पछि कम्तीमा अन्ठानब्बे दिनसम्मको तलब सहितको प्रसूती बिदा पाउने अधिकारको व्यवस्था गरिएकोमा सो बिदा ६ महिना प्रस्ताव गरिएको हुँदा सोबाट थप आर्थिक दायित्व पर्ने भएतापनि संविधानले प्रदान गरेको महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार कार्यान्वयन हुने हुँदा समाजमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक ऐनको रुपमा लागु भए पछि संयुक्त राष्ट्र संङ्घको दिगो विकास लक्षको लक्ष नं. ३ मा रहेको सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने र लक्ष नं. ५ मा रहेको लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने दिगो विकास लक्ष हासिल गर्न मद्दत पुग्ने देखिन्छ।

५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकबाट गर्भपतन सम्बन्धी व्यवस्था व्यवस्थित भई सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

६. विधेयकको व्यवस्थाबाट जलवायू अनुकुलतामा पुग्ने सहयोगः

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

सचिव

# सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ मा संशोधनः** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रुण स्वभाविक रुपमा जन्मनु अगावै गर्भाशयबाट बाहिर निकाल्ने कार्य सम्झनु पर्छ।"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "गर्भपतन सेवा" भन्नाले गर्भपतन गर्नका लागि सेवा प्रदान गर्ने स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी गरिने गर्भपतन सेवा सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा १३ मा संशोधन**ः मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका "कम्तीमा अन्ठानब्बे दिन" भन्ने शब्दहरूको सट्टा "गरी जम्मा छ महिना" भन्ने शब्दहरू राखिएका छन् ।

४. **मूल ऐनको दफा १५ मा संशोधन**ः मूल ऐनको दफा १५ को,-

(१) खण्ड (ख) र (घ) को सट्टा देहायको खण्ड (ख) र (घ) राखिएको छः-

"(ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मन्जुरीमा गर्भपतन गराएमा,

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि अठार वर्षभन्दा मुनीको बालिका वा अपाङ्गता भएको महिलामाथी जबरजस्ती करणी

भई सोबाट रहन गएको गर्भ गर्भवती बालिका तथा महिलाको मन्जुरीले गर्भपतन गराएमा,"

(२) खण्ड (ङ) मा रहेका "मन्जुरीमा अठ्ठाईस हप्तासम्मको गर्भ" भन्ने शब्दहरूको सट्टा "मन्जुरीले गर्भपतन गराएमा" भन्ने शब्दहरू राखिएको छ ।

**५. <u>मूल ऐनको दफा २६ मा संशोधन</u>**: मूल ऐनको दफा २६ को,-

(१) खण्ड (ग) को सट्टामा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) खण्ड (छ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(१) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना,

(२) बाह्र हप्ता भन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना,

(३) पच्चीस हप्ता भन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना ।

**स्पष्टिकरणः** गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरुप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनका लागि गर्भपतन गराएको मानिने छ ।

(४) कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भ पतन हुन गएमा सो काम गर्ने कसूरदारलाई यस ऐन वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ।

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१.) र (ग२.) राखिएको छः-

"(ग१.) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै गर्भवती महिला विरुद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुनेछः-

(१) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,

(२) बाह्र हप्ता भन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,

(३) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद ।

(ग२.) खण्ड (ज) र (झ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(१) गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद र

(२) लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई उपदफा (ग) मा लेखिएको सजायमा थप एक वर्षसम्म कैद ।"

६. **<u>मूल ऐनमा दफा २९क. थप</u>**ः मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"**२९क. <u>भौगोलिक विकटता तथा विपद्मा विषेश सेवा प्रदान गर्नुपर्नेः</u>** (१) भौगोलिक विकटता तथा विपद्को अवस्थामा यस ऐन अन्तर्गतको सुरक्षित मातृत्व, आकस्मिक प्रसूति तथा नवजात शिशु, परिवार नियोजन र सुरक्षित गर्भपतन सेवालाई अत्यावश्यक सेवाको रुपमा समावेश गरी स्वास्थ्य संस्थाले नियमित रुपमा नवीनतम तथा वैज्ञानिक प्रविधि र प्रक्रिया जस्तै टेलिमेडिसिन, सेल्फ कियर लगायत व्यवसायिक रुपमा उपयुक्त ठहरिएका अन्य प्रविधि र प्रक्रियाहरू अनुरुपको सेवा प्रदान गर्नेछ ।

(२) संघ, प्रदेश र स्थानीय तहका सरकारले विपद्को समयमा उपदफा (१) बमोजिमको प्रजनन् स्वास्थ्य सेवाको तयारी र निरन्तर स्वास्थ्य सेवाको प्रदान गर्नका लागि आवश्यक कार्यविधि वा निर्देशिका जारी गर्न सक्नेछ।